# रिडी पावर कम्पनी लिमिटेड
# RIDI POWER COMPANY LTD.

**रजिष्ट्र्ड कार्यालयः** का.म.न.पा. ११, ट्रेड टावर, थापाथली, पोष्ट वक्स नं. २१८३९, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०१५,९८४१२३४५६७
इमेलः ridipower@gmail.com वेभसाईटः www.ridipower.com.np

## हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

रिडी पावर कम्पनी लिमिटेडको मिति २०८०/१०/२१ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि कम्पनीको विद्यमान चुक्ता पूँजी रु.१,५४,८९,०१,२००।- बराबरको प्रति शेयर रु.१००।- अंकित दरका १,५४,८९,०१२ कित्ता साधारण शेयरको लागि १ शेयर बराबर नयाँ ०.५० (१ : ०.५०) शेयरको अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको ७७,४४,५०६ कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **यही मिति २०८०/११/१८ गतेका दिन देखि २०८०/१२/८ गतेसम्म (बैंकिङ्ग समयसम्म)** गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरुः |
|---|---|
| १. | श्री रिडी पावर कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौं । |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं । |
| ३. | श्री मुक्तिनाथ विकास बैंक लि.का शाखा कार्यालयहरु बिर्तामोड, विराटनगर, जनकपुर, वीरगन्ज, नारायणगढ, पोखरा-चिप्लेढुङ्गा, बुटवल, वीरेन्द्रनगर, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर र रिडी । |
| ४. | श्री ग्लोबल आइएमई बैंक लि. को शाखा कार्यालय फिदिम-पाँचथर । |
| ५. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री रिडी पावर कम्पनी लिमिटेडको वेभसाइट www.ridipower.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन् ।

अन्य विस्तृत जानकारीको लागि **मिति २०८०/११/१ गतेको "कारोबार"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटः www.muktinathcapital.com वा निष्काशन कम्पनीको वेभसाइटः www.ridipower.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com